धुनिबेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं.: २०८१/०८२
च.नं.: १८४७

मिति : २०८१।११।०१
ने.सं.११४५ सिल्लागा बिहीवार

विद्यालयमा पुस्तकालय तथा ICT व्यवस्थापनका लागि प्रस्ताव माग गरिएको सूचना

श्री सामुदायिक विद्यालयहरु
धुनिबेशी नगरपालिका ।

उपरोक्त विषयका सम्बन्धमा यस आव २०८१।८२ का लागि संघीय शसर्त अनुदानतर्फ यस नगरपालिकालाई प्रति विद्यालय ६ लाख ५० हजार अनुदान उपलब्ध गराउने गरी पुस्तकालय तथा ICT व्यवस्थापन (फिक्सिङ, किताब खरिद तथा इ पुस्तकालयसमेत) का लागि तीन वटा विद्यालयका लागि कार्यक्रम तथा बजेट प्राप्त भएको हुँदा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ मा उल्लिखित निम्न आधारमा विद्यालय छनोट गरिने भएकाले कम्तिमा कक्षा ८ सञ्चालन गरेका इच्छुक विद्यालयहरुले यही मिति २०८१ फागुन १५ गतेसम्म विद्यालय व्यवस्थापन समितिको निर्णयसहित धुनिबेशी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा प्रस्ताव पेश गर्न सम्वन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुस्तकालय व्यवस्थापनका लागि विद्यालय छनोटका आधार

(१) पुस्तकालय नभएको र विगतमा पुस्तकालय व्यवस्थापनको कुनै कार्यक्रम नपरेको
(२) व्यवस्थापनका लागि आवश्यक कक्षाकोठा, सुरक्षा, विद्युत र फर्निचर उपलब्ध भएको
(३) यस आवमा कार्यक्रम दोहोरो नपर्ने
(४) यस आवभित्र कार्यक्रम सम्पन्न गर्न सक्ने
(५) विद्यार्थी संख्या धेरै भएको
(६) अनुमतिले जेष्ठ विद्यालय ।

ICT ल्याव व्यवस्थापनका लागि विद्यालय छनोटका आधार

(१) ICT ल्याव नभएको र विगतमा यस्तो कुनै कार्यक्रम नपरेको
(२) व्यवस्थापनका लागि आवश्यक कक्षाकोठा, सुरक्षा, विद्युत, फर्निचर र इन्टरनेट नियमित आपूर्ति भएको
(३) यस आवमा कार्यक्रम दोहोरो नपर्ने
(४) यस आवभित्र कार्यक्रम सम्पन्न गर्न सक्ने
(५) ऐच्छिक विषयका रुपमा कम्प्युटर शिक्षण गरेको र ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता भएका शिक्षकहरु रहेको
(६) विद्यार्थी संख्या धेरै भएको
(७) अनुमतिले जेष्ठ विद्यालय ।

कर्ण बहादुर भुवाजी
शिक्षा निर्देशक